# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपाल र IMF Mission on FIU का प्रतिनिधिबीच विचारविमर्श

गभर्नर डा. चिरंजीबि नेपालसँग चैत १७ गते अन्तर्राष्ट्रिय मुद्रा कोषको AML Misson on Supervision and FIU की विशेषज्ञ Ms. Cecilia Marian को नेतृत्वमा आएको प्रतिनिधि मण्डलले भेट गरेको छ ।



सो भेटमा गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्रा कोषले हालसम्म नेपाललाई गरेको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै नेपाल राष्ट्र बैंक, नेपाल सरकार लगायत सम्बद्ध निकाय AML/CFT सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू नेपालमा लागू गर्न सजग रहेको जानकारी दिनुभयो । वित्तीय सुशासन र पारदर्शिता कायम हुँदा मात्र आर्थिक विकासका लागि लगानीको वातावरण बन्ने धारणा राख्दै सो अवसरमा गभर्नर डा. नेपालले केन्द्रीय बैंक सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा गम्भीर भएकाले यस सम्बन्धी व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्न बैंक क्रियाशील रहेको जानकारी दिनु भयो । यसका साथै, निर्माण भएका कानुन तथा सुपरिवेक्षण उपकरणको प्रयोग र सोको सुधारका लागि आवश्यक निर्णय गर्दै जाने प्रतिबद्धता समेत उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा IMF प्रतिनिधि मण्डलले सम्पत्ति शुद्धीकरण निवारणको क्षेत्रमा नेपालले हासिल गरेको प्रगतिको सराहना गर्दै यस सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार कार्य गरी सन् २०१८ मा हुने नेपालको पारस्परिक मूल्याङ्कन सफल बनाउन आवश्यक गृहकार्य अघि बढाउन सुझाव दियो । वार्ताको क्रममा आवश्यक नियम कानून र निर्देशनहरुको तर्जुमा र सबै प्रकारका बैंक तथा वित्तीय संस्थामा सुपरिवेक्षणका लागि तयार गरिएका उपकरणहरुको प्रयोगमा जोड दिइएको थियो । वित्तीय जानकारी एकाइको क्षमता अभिवृद्धि गर्नका लागि goAML प्रणाली सञ्चालनमा ल्याउन तत्परता देखाउनु पर्ने, सूचक संस्थाको गतिविधिमा ध्यान दिनुपर्ने र मानव संसाधनको क्षमता अभिवृद्धि गर्नुपर्नेतर्फ समेत प्रतिनिधि मण्डलले गभर्नर डा. नेपालसमक्ष अनुरोध गरेको थियो ।

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा नेपालको कानूनी, नियमन तथा सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्न तथा बैंकमा अवस्थित वित्तीय जानकारी एकाईको सुदृढीकरणका लागि प्राविधिक सहयोग प्रदान गर्न सो टोली नेपाल आएको हो ।

**२०७१ चैत १७, मंगलबार**

**गभर्नरको कार्यालय**